# नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

को

## तेश्रो वार्षिक साधारणसभाको संक्षिप्त विवरण - २०७५

केन्द्रीय कार्यालय

पोखरा -१८, विन्ध्यावासिनी, कास्की ।

# नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

पोखरा महानगरपालिका वडा नं. १८, विन्ध्यावासिनी, कास्की

तेश्रो वार्षिक साधारण सभाको सूचना

श्री आदरणीय शेयरधनी महानुभावहरु,

यस नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेडको मिति २०७५।०८।१५ गतेको सञ्चालक समितिको ३६ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको तेश्रो वार्षिक साधारण सभा देहायका विषयमा छलफल गर्न निम्न लिखित मिति, स्थान र समयमा बस्ने भएकोले कम्पनी ऐन २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुलाई जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ । साधारण सभा सम्वन्धी सम्पूर्ण विवरण शेयरधनी महानुभावहरुलाई समयमै पठाइनेछ । कुनै व्यहोराले प्राप्त नभएमा वा हुन नसकेमा यसै सूचनालाई आधार मानी सभामा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, स्थान र समय

मिति : २०७५।०९।१४ गते शनिवार (तद्अनुसार २९ डिसेम्वर, २०१८),

स्थान : सिटिस्क्वेयर प्रा.लि., न्यूरोड, पोखरा, कास्की,

समय : विहानको ११:०० वजे ।

छलफलका विषयहरु

(क) सामान्य प्रस्तावहरु

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व.२०७४।०७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा,
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तसम्मको वासलात, आ.व. २०७४।०७५ को नाफा नोक्सान हिसाव, सोही अवधिको नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्वन्धी विवरण र सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा,
३. आ.व.२०७५।०७६को लागि लेखापरीक्षकको नियुक्ति सम्वन्धमा,
४. सर्वसाधारणलाई शेयर जारी गर्ने सम्बन्धमा,
५. विविध ।

(ख) विशेष प्रस्तावहरु

१. वित्तीय संस्थाको नाम परिवर्तन गर्ने सम्वन्धमा,
२. प्रबन्धपत्रको दफा १, दफा २ को उपदफा १ मा संशोधन गर्ने तथा प्रबन्धपत्रको दफा ६ मा भएको पूँजी संरचना सम्बन्धी व्यवस्थामा हाल कायम रहेको चुक्ता पूँजी तथा अधिकृत पूँजीलाई यथावत रहने गरी संस्थापक तथा सर्वसाधारण समूहको शेयर अनुपातलाई ६७.५०:३२.५० मा परिवर्तन गर्ने र त्यसरी शेयर

अनुपात परिवर्तन गर्दा जारी पूँजी रु.४,९७,७७,८००।- (चार करोड सन्तान्नब्बे लाख सतहत्तर हजार आठ सय) हुने गरी प्रबन्धपत्रको दफा ६ को (ख), (घ), (ङ) र (च) मा संशोधन गर्ने सम्बन्धमा,

३. नियमावलीको नियम १ तथा नियम २ मा संशोधन गर्ने सम्बन्धमा,

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम पूँजी संरचनामा प्रस्तावित संशोधनबाट हुने जारी पूँजी रु.४,९७,७७,८००।- (चार करोड सन्तान्नब्बे लाख सतहत्तर हजार आठ सय रुपैयाँ) को ३२.५ प्रतिशतले हुन आउने प्रतिशतले हुन आउने रु.१,६१,७७,८०० (एक करोड एकसठ्ठी लाख सतहत्तर हजार आठ सय रुपैयाँ) बराबरको १,६१,७७८ (एक लाख एकसठ्ठी हजार सात सय अठहत्तर) कित्ता शेयर सर्वसाधारणलाई (कर्मचारी र सामुहिक लगानीकोषलाई समेत) निष्काशन गर्ने सम्वन्धमा,

५. प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने क्रममा नियामक निकायबाट कुनै फेरबदल वा थपघट गर्न सुझाव भएमा सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा,

६. विविध ।

## साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्दा वित्तीय संस्थाको शेयरधनीलाई नै गर्नु पर्नेछ र निजले उक्त शेयरधनीको तर्फबाट समेत मतदान गर्न पाउनेछ । कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेपछि आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ । प्रतिनिधि नियुक्ति गर्दा सम्पुर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्ति गरेमा जुन प्रोक्सी वित्तीय संस्थाको रजिर्ष्टड कार्यालयमा पहिला प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ ।

२. संयुक्त रुपमा शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनी दर्ता किताबमा पहिल्यै नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ । प्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने वित्तीय संस्थाको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा वढी हुने छैन ।

३. वार्षिक साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा हुनु भन्दा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय पोखरा महानगरपालिका वडा नं. १८, विन्ध्यावासिनी, कास्कीमा दर्ता गराई सक्नु पर्नेछ ।

४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका साधारण सभा हुने दिनको विहान १०:०० बजेदेखि सभा सम्पन्न नहुदाँसम्म खुल्ला रहनेछ ।

५. कुनै सञ्चालकलाई वित्तीय संस्थाको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

६. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञाशा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिन सक्नेछ ।

७. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ दिन अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पठाउनुहुन अनुरोध छ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

८. पुनश्च : सम्पूर्ण शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको शेयर लगतमा रहेको सम्बन्धित ठेगानामा साधारणसभा बस्ने मिति, समय, स्थान र छलफलका विषय (एजेन्डा)हरु सहितको सूचना र सक्षिप्त वार्षिक आर्थिक विवरण पठाईनेछ । कुनै कारणवश उपरोक्त सूचना पाउन असमर्थ भएमा वित्तीय संस्थाको वेवसाइट www.nepalagro.com.np बाट उपलब्ध गर्न सक्नु हुनेछ र यसै सूचनालाई आधार मानी सभामा आफ्नो परिचय तथा शेयर प्रमाण पत्र लिई उपस्थित हुन अनुरोध छ ।

# प्रतिनिधि (प्रोक्सी) फारम

नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लि.
Nepal Agro Microfinance Bittiya Sanstha Ltd.

श्री सञ्चालक समिति

नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

पोखरा - १८, विन्ध्यावासिनी, कास्की ।

**विषय : प्रतिनिधि नियुक्त गरेको सम्वन्धमा ।**

महोदय,

...................................... जिल्ला ............................................................ न.पा. / गा.वि.स. वडा नं........ बस्ने म / हामी ...................................................... ले त्यस कम्पनीको शेयरधनीको हैसियतले मिति २०७५ साल पौष १४ गते शनिवारका दिन हुने वार्षिक साधारण सभामा म / हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो / हाम्रो तर्फबाट माग लिन तथा मतदान गर्नको लागि ................................ जिल्ला ........................................................

न.पा. / गा.वि.स. वडा नं. ............ बस्ने त्यस कम्पनीका शेयरधनी श्री .............................................

शेयरधनी नं. ..................... लाई मेरो / हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / छौं ।

| प्रतिनिधि नियुक्त भएको व्यक्तिको, | निवेदकको, |
|---|---|
| दस्तखतको नमूना : | दस्तखत : |
| नाम थर : | नाम थर : |
| शेयरधनी भए शेयरधनी प्रमाणपत्र नं. : | ठेगाना : |
| शेयरधनी नभए नागरिकताको प्रमाणपत्र नं. : | शेयरधनी प्रमाणपत्र नं. : |
| मिति : | शेयर सख्या : |

(द्रष्टव्य : यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको रजिष्टर्ड कार्यालयमा पेश गरी सक्नुपर्ने छ । एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) को नाम उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारमा रद्द गरिने छ ।)

# नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

तेश्रो वार्षिक साधारण सभामा प्रस्तुत

सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन

आदरणीय शेयरधनी महानुभावहरू,

नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड (वित्तीय संस्था) को तेश्रो वार्षिक साधारण सभामा भाग लिन पाल्नु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूलाई वित्तीय संस्थाको सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत एवं अभिवादन गर्दछु । यस अवसरमा यहाँहरू समक्ष वित्तीय संस्थाको तेश्रो वार्षिक प्रतिवेदन प्रस्तुत गर्न पाँउदा ज्यादै खुशी लागेको छ । २०७५ आषाढ मसान्तसम्मको वित्तीय संस्थाको वासलात, आर्थिक वर्ष २०७४/०७५ को नाफा नोक्सान हिसाब, इक्विटीमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण तथा संलग्न अनुसूचीहरू स्वीकृतिका लागि यस गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रस्तुत वित्तीय विवरण तथा प्रतिवेदनको अध्ययन पश्चात् यहाँहरुबाट वित्तीय संस्थाले पाउने सुझाव, सहयोग तथा सद्भावले वित्तीय संस्थाको भावि कार्ययोजना निर्माण तथा लक्ष प्राप्तिमा थप मद्दत पुग्नेछ भन्ने विश्वास लिएको छु ।

**(क) विगत वर्षको कारोबारको सिंहावलोकन :**

वित्तीय संस्थाले २०७३ आश्विन ०४ गतेदेखि वित्तीय कारोवार सञ्चालन गरेर कार्यक्षेत्रको दुरदराजका बस्तीहरुका आर्थिक र सामाजिक रुपमा पछि परेका महिलालाई वित्तीय सेवा प्रदान गरेको छ । आ.व. २०७४।०७५ मा वित्तीय संस्थाले चुक्तापुँजीलाई रु.२ करोड ८० लाखलाई २० प्रतिशतले बृद्धि गरी रु.३ करोड ३६ लाख पुऱ्याएको छ । आ.व. २०७४।०७५ को अन्त्य सम्ममा वित्तीय संस्थाले कास्की, पर्वत, वाग्लुङ, गुल्मी, प्युठान, रोल्पा, सल्यान, पाल्पा, तनहुँ र लम्जुङ जिल्ला गरी १० जिल्लाभित्रका २६ वटा शाखा कार्यालय मार्फत १,०६६ वटा केन्द्र अन्तर्गतका १३,८९६ जना सदस्य अन्तर्गत वित्तीय कारोवार गरी लगानीमा रहेको रकम रु.३३ करोड १८ लाख ३२ हजार र वचत रकम रु.१० करोड ७५ लाख २३ हजार हुनेगरी लघुवित्त सेवा प्रदान गरेको छ । वित्तीय संस्थाले यस अवधिमा रु.२७ लाख ९५ हजार सम्पूर्ण कारोवार पछिको खुद मुनाफा आर्जन गरेको छ ।

**(ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई परेको असर :**

कार्यक्षेत्रमा दोहोरोपना तथा अधिक ऋणको कारणले हुनसक्ने जोखिम न्यून गर्न उचित कार्यक्षेत्र तथा सदस्यको छनौट गर्ने जस्ता चुनौतिको सामाना गर्न दक्ष जनशक्ति परिचालन गरिएको छ । साथै, कर्जा प्रवाह गर्नको लागि आवश्यक पर्ने कर्जाको अभाव, एकाएक बढिरहेको कर्जाको लागत जस्ता परिस्थितिहरुले ग्राहक सदस्यको व्यापार व्यवसाय र दैनिक जीवनमा असर पर्दा वित्तीय संस्थाको जोखिम बढेको कुरा यहाँहरुलाई अवगत नै छ । उक्त जोखिमलाई कम गर्नको लागि समयानुकुल उपायहरु खोजी गरी वित्तीय संस्थाको जोखिम कम गर्न सञ्चालक समिति र व्यवस्थपान अहोरात्र खटिरहेको छ ।

**(ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु आर्थिक वर्षको उपलब्धी र भविष्यमा गर्नुपर्ने विषयका सम्बन्धमा सञ्चालक समितिको धारणा :**

१. उपलब्धिको विवरण :

१.१ वित्तीय संस्थाको चालु आ.व. २०७५।०७६को आश्विन मसान्तसम्मको वित्तीय विवरण अनुसारको कारोवारमा भएको उपलब्धि विवरण देहाय बमोजिम रहेको छ :

| क्र.सं. | विवरण | आ.व. २०७४।०७५ आषाढ मसान्तसम्मको | चालुआ.व. २०७५।०७६ आश्विन मसान्तसम्मको |
|---|---|---|---|
| १ | जिल्ला संख्या | १० | १० |
| २ | शाखा संख्या | २६ | २६ |
| ३ | केन्द्र संख्या | १,०६६ | १,१७७ |
| ४ | सदस्य संख्या | १३,८९६ | १५,१८५ |
| ५ | लगानीमा रहेको रकम (रु.) | ३३,१८,३२,३६६।- | ३९,८३,०८,९६६।- |
| ६ | वचत रकम (रु.) | १०,७५,२३,३६४।- | १२,५३,२९,९७२।- |

१.२ यस अवधिमा वित्तीय संस्थाले शाखा प्रमुखहरुको वार्षिक समिक्षा तथा क्षमता अभिबृद्धि तालिम सञ्चालन गरेको छ।

२. वित्तीय संस्थाको भावी योजना :

२.१ वित्तीय संस्थाले चालु आ.व. २०७५।०७६ मा १ हजार ७ सय २१ वटा केन्द्र, २८ हजार ४५ जना ग्राहक सदस्य, ७१ करोड ९९ लाख २० हजार ९९५ रुपैयाँ लगानीमा रहेको कर्जा रकम र २१ करोड ३३ लाख ८६ हजार ८२० रुपैयाँ वचत संकलन गर्ने योजना बनाएको छ।

२.२ वित्तीय संस्थाका ऋणीहरुको हितलाई मध्यनजर विभिन्न आय आर्जनका तालिम सञ्चालन गरिने छ।

२.३ वित्तीय संस्थाले आफ्नो परीकल्पना अनुसार कृषि क्षेत्रको उत्पादकत्व बढाउन विभिन्न संघसस्थाहरुको सहकार्यमा कृषि सम्वन्धी प्रविधिहरुको खोजी गरी स्थानीयस्तर सम्म पुऱ्याउन पहल गरिने छ।

२.४ वित्तीय संस्थाले राष्ट्रिय आवश्यकता बमोजिम अन्य लघुवित्त संस्थाहरुसँग मर्जरमा जान सक्नेछ।

२.५ सर्वसाधारणको लागि छुट्याइएको शेयर निष्काशन गरिने छ।

२.६ वित्तीय संस्थालाई थप सवल बनाउनको लागि यस अवधिमा पूँजीबृद्धिको योजना रहेको छ।

३. वित्तीय संस्थाले मूख्य सरोकारवालाहरुको आवश्यकता, चाहना र अपेक्षालाई समेट्ने क्रममा निम्न बमोजिम कार्यहरु गर्ने/गराउने छ :

३.१ ग्राहक सदस्यको चाहना र आवश्यकता अनुसारको कर्जा, वचत तथा अन्य सेवालाई दीर्घकालसम्म प्रदान गरी उनीहरूको सहयोगी तथा आफन्त संस्थाको रुपमा रहने,

३.२ कर्मचारी वर्गको उत्पादकत्व बढाउन उत्साहित अवस्थामा राख्ने,

३.३ शेयरधनीहरुलाई लगानीको उचित प्रतिफल उपलब्ध गराउने,

३.४ सामाजिक उत्तरदायित्व प्रति सचेत रही लघुवित्त सेवामा अग्रसर रहने ।

**(घ) वित्तीय संस्थाको औद्योगिक तथा व्यवसायिक सम्बन्ध :**

वित्तीय संस्थाको नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकाय लगायत अन्य निकायसँग सुमधुर सम्वन्ध रही आएको छ । विभिन्न बैंक तथा वित्तीय संस्थाहरुबाट विपन्न वर्ग कर्जा प्राप्त

भएको र प्राप्त हुने प्रकृयामा रहेको छ । सरकारी-गैरसरकारी संस्था र बैंक तथा वित्तीय संस्थाहरु लगायतका सम्पूर्ण सरोकारवालाहरुसँग सौहार्दपूर्ण सम्वन्ध कायम राख्दै सहकार्य गर्दै आईरहेको छ । यी र यस्तै प्रकारका भविष्यमा हुने थप सम्बन्धले वित्तीय संस्थाको भविष्यमा फलदायी नतिजा निस्कने अपेक्षा गरिएको छ ।

**(ङ) सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण :**

१. आ.व. २०७४।०७५को सञ्चालक समितिको व्यवस्था यस प्रकार रहेको थियो :

| क्र.सं. | नाम | पद |
|---|---|---|
| १ | श्री रमेश कुमार कर्माचार्य | अध्यक्ष |
| २ | श्री निलकण्ठ शर्मा लम्साल | सञ्चालक |
| ३ | श्री विनिता कोइराला, पि.एच.डी. | सञ्चालक |
| ४ | श्री विवेक श्रेष्ठ, सि.ए. | सञ्चालक |
| ५ | श्री सरिता अधिकारी | सञ्चालक |

२. आ.व. २०७४।०७५ मा सञ्चालक समितिमा कुनै परिवर्तन भएको छैन ।

**(च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू :**

१. नियमनकारी निकायबाट विपन्न वर्ग कर्जा सम्वन्धमा लघुवित्त संस्था र अन्य बैंक तथा वित्तीय संस्थाको कर्जाका सिमाको फेरवदल, बेसरेटभन्दा कम व्याजमा कर्जा प्रवाह गर्न नपाइने व्यवस्थाबाट ब्याजदरमा भएको बृद्धिले एकातिर कर्जाको अभाव भयो भने अर्को तर्फ मूनाफामा असर परेकोले सेवा विस्तारमा समेत असर परेको छ ।

२. लघुवित्त सेवाको कारोवार सहकारी ऐन, वित्तीय मध्यस्थता ऐन र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनबाट सञ्चालन भएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको अधिनमा रही क वर्ग, ख वर्ग, ग वर्गका बैंक तथा वित्तीय संस्थाहरु र घ वर्गका वित्तीय संस्थाहरुले सञ्चालन गर्ने लघुवित्त सेवाको प्रकृया, कर्जाको आकार र उपलब्ध अन्य बैंकिङ सेवा सुविधाहरुमा पनि फरक पर्ने भएकाले कार्यक्षेत्रमा यसका असर देखिन्छन् ।

३. दुर्गम जिल्लाको जनसंख्या तथा जटिल भू-बनोटले गर्दा अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले उक्त स्थानमा कार्यरत संस्थालाई राज्यबाट कर छुट तथा तुलनात्मक रुपमा थोरै करको व्यवस्था नभएतापनि नेपाल राष्ट्र बैंकबाट सहुलियत कर्जाका नीतिगत व्यवस्था आइसकेकोले दुर्गम क्षेत्रमा सेवा विस्तार बढ्ने देखिन्छ ।

४. वित्तीय संस्थाको कारोवारमा पर्नसक्ने असरका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी व्यवस्थापन तथा सेवासुविधा समिति र व्यवस्थापन पक्ष चनाखो रही सम्भावित हानी नोक्सानी कम गर्न प्रतिबद्ध रहेको छ ।

**(छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सोको उपर संचालक समितिको प्रतिक्रिया :**

वित्तीय संस्थाको नियमित कार्यसम्पादनका क्रममा भएका सामान्य कमी कमजोरी बाहेक नेपाल राष्ट्र बैंकको नीति निर्देशन, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपालको प्रचलित कानून विपरीतका कार्य गरेको गम्भीर प्रकृतिका टिप्पणीहरू लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको छैन । लेखापरीक्षकको प्रतिवेदनमाथि सञ्चालक समितिको तर्फबाट कुनै नकरात्मक टिप्पणी छैन ।

**(ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :**

वित्तीय संस्थाले आ.व. २०७४/०७५ मा लाभांश बाँडफाँड गर्न सिफारिस गरेको छैन ।

**(झ) कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित सञ्चालक समितिको संक्षिप्त प्रतिवेदन :**

कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित सञ्चालक समितिको आ.ब. २०७४।०७५ को संक्षिप्त प्रतिवदेन यसै प्रतिवदेनको अनुसूची -१ मा प्रस्तुत गरिएको छ ।

**(ञ) अन्य आवश्यक कुराहरू :**

**१. संस्थागत सुशासन :**

संस्थागत सुशासनलाई बोलीमा मात्र सीमित नभई व्यवहार र दैनिक क्रियाकलापमा लागु गर्नुपर्छ भन्नेमा वित्तीय संस्था स्पष्ट रहि संस्थागत सुशासनको स्तरलाई उच्च राख्ने कुरामा कटिबद्ध रहेकोछ । वित्तीय संस्थाले सञ्चालन गरेका क्रियाकलापहरू पारदर्शी एवं नियम संगत छन् र नेपाल राष्ट्र बैंक तथा अन्य नियमक निकायबाट समयसमयमा जारी भएका नीति निर्देशनलाई सजग भई पालना गरेको छ ।

**२. संस्थागत सामाजिक उत्तरदायित्व :**

वित्तीय संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत नीतिगत ब्यवस्था गरी ग्राहक सदस्यलाई सुत्केरी खाजा खर्च, एकाघरका परिवारको मृत्यु भएमा भेटी खर्च, दैविप्रकोपबाट घरक्षति भएमा वासस्थान राहत खर्च र विना धितो कर्जा लिएका ऋणीको मृत्युभएमा नीजको बाँकि रहेको साँवा ब्याज मिनाह गरिएको छ ।

३. **मानव संशाधन :**

वित्तीय संस्थाले कर्मचारीहरूलाई थप सशक्त, संस्थागत, गुणस्तर सहितको नतिजामुखी बनाउन, वर्तमानमा कर्मचारीको सेवा सुरक्षा र भविष्यको सुनिश्चितता प्रदान गर्दै मानव संसाधनलाई व्यवस्थित गरेको छ । वित्तीय संस्थाले कर्मचारी सेवा विनियमावलीको व्यवस्थाको अधिनमा रही प्रशिक्षणकालिन कर्मचारीलाई परीक्षणकालिन र परीक्षणकालिन कर्मचारीलाई स्थायी गरेको र तोकिएको दरबन्दी भित्र रहने गरी कर्मचारीको पदोन्नति गरेको छ ।

४. **सम्बन्धित पक्ष विवरण :**

वित्तीय संस्थाले आफ्नो सञ्चालक समितिको वित्तीय स्वार्थ भएको कुनै पनि पक्षसँग वित्तीय कारोवार गरेको छैन । सञ्चालक तथा कार्यकारी प्रमुखको विवरण र निजहरूलाई उपलब्ध गराइएको सुविधा यसै प्रतिवेदनको अनुसूची -१ मा उल्लेख गरिएको छ ।

५. **धन्यवाद ज्ञापन :**

वित्तीय संस्था सञ्चालनको लागि आदरणीय शेयरधनी महानुभावहरुले हामीलाई सुम्पनु भएको गहनतम

अभिभारालाई इमान्दारीपूर्वक वहन गर्न कटिबद्ध रहेको व्यहोरा अवगत गराउदै वित्तीय संस्थाकको उन्नति र प्रगतिको लागि शेयरधनी महानुभावहरुबाट प्राप्त सहयोग, समर्थन र प्रेरणाप्रति कृतज्ञता ज्ञापन गर्दछौ । वित्तीय संस्थाको निरन्तर उन्नति र उत्तरोत्तर प्रगतिको लागि मार्गनिर्देशन तथा सदा साथ दिनुहुने शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, आन्तरिक राजश्व कार्यालय, स्थानीय निकाय लगायत अन्य निकायका पदाधिकारीहरु, वित्तीय संस्थालाई कर्जा तथा बैंकिङ सुविधा उपलब्ध गराउने विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, गैरसरकारी संस्थाहरु, पत्रकार मित्रहरु र अन्य सरोकारवालाहरु प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु । वित्तीय संस्थाको उन्नति र प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत, सम्पूर्ण कर्मचारीहरु र वित्तीय संस्थाका ग्राहक सदस्य महानुभावहरु प्रति धन्यवाद व्यक्त गर्दछु । आगामी दिनहरूमा पनि विगतमा झैं सबै क्षेत्रबाट वित्तीय संस्थाको प्रगतिका लागि अझ बढी सहयोग, सद्भाव र हौसला प्रदान गरिदिनु हुनेछ भन्ने अपेक्षा राखेको छु । (धन्यवाद)

सञ्चालक समितिका तर्फबाट
रमेश कुमार कर्माचार्य
(अध्यक्ष)

**कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा ४ सँग सम्बन्धित थप विवरण :**

१. **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अङ्कित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर वापत रकम फिर्ता गरेको भए सोको विवरण :** शेयर जफत भएको छैन ।

२. **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन :** वित्तीय संस्थाले गरेको प्रगतिका बारेमा यसै प्रतिवेदनको विभिन्न बुँदाहरूमा प्रस्तुत गरिएको छ । यस कम्पनीको सहायक कम्पनी छैन ।

३. **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :** वित्तीय संस्थाले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरु र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन मूल प्रतिवेदनमा समावेश गरिएको छ । यस कम्पनीको कुनै पनि सहायक कम्पनी छैन ।

४. **विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :** वित्तीय संस्थामा देवी कुमारी शर्मा, डा. कमल शर्मा लम्साल, रमेश कुमार कर्माचार्य, अञ्जु कर्माचार्य, विवेक श्रेष्ठ सि.ए., सरिता अधिकारी, राजेन्द्र कोइराला, विनिता कोइराला पिएचडी, लक्ष्मी कुँवर थापा आधारभुत शेयरधनी हुनुहुन्छ । आधारभूत शेयरधनीहरूबाट सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीलाई मार्गदर्शन एवं हौसला मिलेको छ ।

५. **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जानकारी :** वित्तीय संस्थाका सञ्चालक तथा पदाधिकारीहरुको शेयर स्वामित्व विवरण देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | नाम | पद | शेयर स्वमित्व |
|---|---|---|---|
| १ | रमेश कुमार कर्माचार्य | अध्यक्ष | २५,००० कित्ता शेयर |
| २ | निलकण्ठ शर्मा लम्साल | सञ्चालक | १२,००० कित्ता शेयर |
| ३ | विनिता कोइराला, पि.एच.डी. | सञ्चालक | २४,००० कित्ता शेयर |
| ४ | सरिता अधिकारी | सञ्चालक | २४,००० कित्ता शेयर |
| ५ | विवेक श्रेष्ठ, सि.ए. | सञ्चालक | २९,१५० कित्ता शेयर |
| ६ | तेजेन्द्र शर्मा लम्साल | प्रमुख कार्यकारी अधिकृत | ५,६०० कित्ता शेयर |

६. **विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरुमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :** वित्तीय संस्थासँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजका आफन्तको व्यक्तिगत स्वार्थ रहेको छैन ।

७. **कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरीद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम :** कम्पनीले आफ्नो शेयर आफैले खरीद गरेको छैन ।

८. **आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

८.१ नीति तथा विनियमावली : वित्तीय संस्थाले व्यवसायमा निहित जोखिमलाई न्यून गर्ने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई बलियो बनाउन नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेका नीति तथा निर्देशनको अधिनमा रहेर आवश्यक नीति, नियम र विनियमावली बनाई लागू गर्दै आएको छ ।

८.२ लेखापरीक्षण समिति : वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको मातहतमा एउटा लेखापरीक्षण समिति गठन गरिएको छ । यस समितिले वित्तीय संस्थाको आर्थिक अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण सम्बन्धी कार्यक्रम र लेखापरीक्षणको परिणाम सम्बन्धमा विस्तृत छलफल गरी वित्तीय संस्थाको व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गर्दछ । वित्तीय संस्थाका आन्तरिक र वाह्य लेखापरीक्षकहरूले सो समितिमा सिधै पहुँच राखेका छन् । निजहरूले पेश गर्ने प्रतिवेदन र यस समितिको प्रतिवेदन उपर सञ्चालक समितिले विस्तृत छलफल गर्ने व्यवस्था गरिएको छ । नेपाल राष्ट्र बैंकले तोके बमोजिम यस समितिको प्रमुख उत्तरदायित्व हुने गरी समितिले कार्यसंचालन गरिरहेको छ ।

८.३ जोखिम व्यवस्थापन समिति : वित्तीय संस्थामा गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा जोखिम व्यवस्थापन समिति गठन गरिएको छ । लेखापरीक्षण समितिका संयोजक जोखिम व्यवस्थापन समितिको पदेन सदस्य रहेका छन् । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम, कर्तव्य र अधिकार हुने गरी कार्य संचालन गरिरहेको छ ।

८.४ कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति : सञ्चालक समितिले गैर कार्यकारी सञ्चालकको संयोजकत्वमा एउटा कर्मचारी व्यवस्थापन र सेवा सुविधा समिति गठन भएको छ । राष्ट्र बैंकले तोकेबमोजिम यस समितिको काम कर्तब्य र अधिकार हुने गरी यस समितिले कार्य संचालन गरिरहेको छ ।

९. **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :** आर्थिक वर्ष २०७४।७५ को व्यवस्थापन खर्च (कर्मचारी खर्च र अन्य सञ्चालन खर्च) रु.३,०७,६३,०४९।- रहेको छ ।

१०. **लेखापरीक्षण समितिका सदस्यहरुको नामावली, निजहरुले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :** वित्तीय संस्थाको आर्थिक प्रशासन विनियमावलीको दफा ५६ (१) अनुसार गठित लेखापरीक्षण समिति

गैरकार्यकारी सञ्चालक श्री विवेक श्रेष्ठको संयोजकत्वमा कार्यसञ्चालन विभागका प्रमुख श्री नयन देवकोटा र लेखापरीक्षण विभाग प्रमुख प्रेम प्रसाद आचार्य रहने गरी लेखापरीक्षण समितिको गठन गरिएको छ । लेखापरिक्षण समितिमा कार्य गरेवापत कुनै भत्ता प्रदान गरिएको छैन । तर आन्तरिक लेखापरीक्षण गर्न जाँदा लेखापरीक्षकलाई सम्झौता अनुसारको सुविधा प्रदान गरिएको छ । त्रैमासिक रुपमा बस्ने यस समितिको बैठकमा आन्तरिक लेखापरीक्षकको प्रतिवेदनबारे छलफल भएको छ ।

**११. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठीत संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :** सो नभएको ।

**१२. सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

१२.१ सञ्चालकको भत्ता तथा सुविधा रकम : आ.व. २०७४।०७५ मा सञ्चालकहरुलाई भत्ता वापत रु.७८,०००।- भुक्तानी गरिएको छ तथा अन्य खर्च रु.५८,५६७- गरिएको छ ।

१२.२ लेखापरीक्षकको पारिश्रमिक, भत्ता तथा सुविधा : आ.व. २०७४।०७५ मा लेखापरीक्षकको ( आन्तरिक तथा बाह्य) पारिश्रमिक, भत्ता तथा सुविधा वापत रु.३,४०,३२०।- खर्च जनाइएकोछ ।

१२.३ कार्यकारी प्रमुखको पारिश्रमिक, भत्ता तथा सुविधा : आ.व. २०७४।०७५ मा कार्यकारी प्रमुखलाई पारिश्रमिक, भत्ता रु.१४,४०,०००।-, सञ्चयकोषमा थप रु.९६,०००।-, दशै खर्च रु.१,२०,०००।, वार्षिक विदा वापत रु.१,२०,०००।- र आवास सुविधा अन्तर्गत घरभाडा रु.१,८०,०००।-, विजुली तथा पानी वापत रु.११,४००।-, केवल तथा इन्टरनेट वापत रु.१०,४५०।- र टेलिफोन वापत रु.१२,०००।- भुक्तानी गरिएको छ ।

१२.४ प्रबन्धकको विवरण र निजहरुलाई भुक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम : प्रबन्धक र सो पदभन्दा माथि कुनैपनि पनि कर्मचारी नभएको ।

**१३. शेयरधनीहरुले बुझिलिन बाँकी रहेको लाभांशको रकम :** सो नभएको ।

**१४. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :** सो नभएको ।

**१५. दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरण :** सो नभएको ।

**१६. यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :** सबै कुरा माथि प्रतिवेदनमा खुलाईएको छ ।

**१७. अन्य आवश्यक कुराहरु :** सो नभएको ।

# नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## २०७५ साल आषाढ मसान्तको

### वासलात

| पूंजी तथा दायित्व | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. शेयर पूंजी | ४.१ | ३३,६००,००० | २८,०००,००० |
| २. जगेडा तथा कोषहरु | ४.२ | १,१७०,३०७ | (३,८७९,८९६) |
| ३. ऋणपत्र तथा बन्ड | ४.३ | - | - |
| ४. तिर्न बांकी कर्जा सापट | ४.४ | २१५,५१६,२४२ | १६३,९३४,४०८ |
| ५. निक्षेप दायित्व | ४.५ | १०७,५२३,३६४ | ३७,५२६,१४० |
| ६. प्रस्तावित नगद लाभांश | | - | - |
| ७. आयकर दायित्व | | - | - |
| ८. अन्य दायित्व | ४.६ | ४,३९५,६२४ | २,८१४,५२८ |
| **कुल पूंजी तथा दायित्व** | | **३६२,२०५,५३७** | **२२८,३९५,१८१** |

| सम्पत्ति | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. नगद मौज्दात (सिक्का समेत) | | २३०,०८३ | १०,९४४ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | | २,०००,००० | १,५००,००० |
| ३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात | ४.७ | २३,५६४,४२६ | १२,६२४,७६९ |
| ४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | | - | - |
| ५. लगानी | ४.८ | १,०००,००० | १,०००,००० |
| ६. कर्जा सापट | ४.९ | ३२८,१९०,८२९ | २०४,५०१,८०७ |
| ७. स्थिर सम्पत्ति | ४.१० | ४,७४७,४१५ | ६,११४,१३७ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | ४.११ | - | - |
| ९. अन्य सम्पत्ति | ४.१२ | २,४७२,७८४ | २,६४३,५२४ |
| **कुल सम्पत्ति** | | **३६२,२०५,५३७** | **२२८,३९५,१८१** |

# नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड
## मिति २०७४ श्रावण ०१ गते देखि २०७५ आषाढ ३२ गते सम्म
## नाफा नोक्सान हिसाव

| विवरण | अनुसूची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. व्याज आम्दानी | ४.१४ | ५०,८८०,०६३ | १७,७१७,६७१ |
| २. व्याज खर्च | ४.१५ | ३०,७७३,२९३ | ८,४८६,४२८ |
| **खुद व्याज आम्दानी** | | **२०,१०६,७७०** | **९,२३१,२४३** |
| ३. कमिशन तथा अन्य सञ्चालन आम्दानी | ४.१६ | १०,६५६,२७९ | ५,४७६,६९५ |
| ४. सटही घटवढ आम्दानी | ४.१६ | - | - |
| **कूल सञ्चालन आम्दानी** | | **३०,७६३,०४९** | **१४,७०७,९३७** |
| ५. कर्मचारी खर्च | ४.१७ | १८,३९२,९७३ | ११,८९२,२२४ |
| ६. अन्य सञ्चालन खर्च | ४.१८ | ८,००४,७३९ | ६,१२६,८७१ |
| ७. सटही घटवढ नोक्सान | | - | - |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | **४,३६५,३३७** | **(३,३११,१५७)** |
| ८. सम्भावित नोक्सानी व्यवस्थाहरु | ४.१९ | १,५७५,८६३ | २,०६५,६७५ |
| **सञ्चालन मुनाफा** | | **२,७८९,४७४** | **(५,३७६,८३२)** |
| ९. गैर सञ्चालन आम्दानी/खर्च | ४.२० | ५,८१५ | - |
| १०. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ४.२१ | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **२,७९५,२८९** | **(५,३७६,८३२)** |
| ११. असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | ४.२२ | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **२,७९५,२८९** | **(५,३७६,८३२)** |
| १२. कर्मचारी बोनस व्यवस्था | | २५४,११७ | - |
| १३. आयकर व्यवस्था | | ८४०,३३१ | (१,६१३,०५०) |
| यस वर्षको कर व्यवस्था | | - | - |
| विगत वर्षसम्मको कर व्यवस्था | | - | - |
| यस वर्षको स्थगन कर (आम्दानी)/खर्च | | ८४०,३३१ | (१,६१३,०५०) |
| **खुद नाफा/नोक्सान** | | **१,७००,८४१** | **(३,७६३,७८२)** |

# नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड

## नाफा नोक्सान बांडफांड हिसाब

### मिति २०७४ श्रावण ०१ गते देखि २०७५ आषाढ ३२ गते सम्म

| विवरण | अनसुची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **अम्दानी** | | | |
| १. गत वर्षसम्मको संचित मूनाफा | | - | - |
| २. यस अवधिको मूनाफा | | १,७००,८४१ | - |
| ३. सटही घटबढ कोष | | - | - |
| **जम्मा** | | **१,७००,८४१** | - |
| **खर्च** | | | |
| १. गत वर्षसम्मको संचित नोक्सान | | ३,८७९,८९६ | ११६,११३ |
| २. यस वर्षको नोक्सान | | - | ३,७६३,७८२ |
| ३. साधारण जगेडाकोष | | ३४०,१६८ | - |
| ४. भैपरी आउने जगेडा | | - | - |
| ५. संस्था विकास कोष | | - | - |
| ६. लाभांश समीकरण कोष | | - | - |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | | - | - |
| ८. प्रस्तावित लाभांश | | - | - |
| ९. प्रस्तावित बोनस शेयर | | - | - |
| १०. विशेष जगेडा कोष | | - | - |
| ११. सटही घटबढ कोष | | - | - |
| १२. पूंजी फिर्ता जगेडा कोष | | - | - |
| १३. पूंजी समायोजन कोष | | - | - |
| १४. ग्राहक संरक्षण कोष | | १७,००८ | - |
| १५. संस्थागत सामाजिक उत्तरदायित्व कोष | | १७,००८ | - |
| **जम्मा** | | **४,२५४,०८१** | **३,८७९,८९६** |
| **१५. सञ्चित मूनाफा/(नोक्सान)** | | **(२,५५३,२३९)** | **(३,८७९,८९६)** |

**नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**

**इक्वीटीमा भएको परिवर्तन सम्वन्धि विवरण**

**आ.व. २०७४/२०७५**

| विवरण | शेयर पूंजी | सञ्चित नाफा/नोक्सान | साधारण जगेडा कोष | ग्राहक संरक्षण कोष | संस्थागत सामाजिक उत्तरदायित्व कोष | कुल रकम रु. | गत वर्ष रु. |
|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | २८,०००,००० | (३,८७९,८९६) | - | - | - | २४,१२०,१०४ | १३,८८३,८८७ |
| स्थगन कर | | | | - | | - | - |
| समायोजित शुरु मौज्दात | २८,०००,००० | (३,८७९,८९६) | - | - | - | २४,१२०,१०४ | १३,८८३,८८७ |
| **समायोजन** | | | | | | - | - |
| चालुबर्षको चूक्ता पूंजी | ५,६००,००० | - | - | - | - | ५,६००,००० | १४,०००,००० |
| चालु आर्थिक अवधिको मुनाफा/(नोक्सान) | - | १,७००,८४१ | - | - | - | १,७००,८४१ | (३,७६३,७८२) |
| वोनस शेयर | - | - | - | - | - | - | - |
| हकप्रद शेयर | - | - | - | - | - | - | - |
| साधारण जगेडा कोष | - | (३४०,१६८) | ३४०,१६८ | - | - | - | - |
| ग्राहक संरक्षण कोष | | (१७,००८) | | ३,३६६,३७० | - | ३,३४९,३६२ | - |
| संस्थागत सामाजिक उत्तरदायित्व कोष | | (१७,००८) | | | १७,००८ | – | - |
| प्रस्तावित लाभांस | - | - | - | - | - | - | - |
| प्रस्तावित वोनस शेयर | - | - | – | – | - | - | - |
| **अन्तिम मौज्दात** | **३३,६००,०००** | **(२,५५३,२४०)** | **३४०,१६८** | **३,३६६,३७०** | **१७,००८** | **३४,७७०,३०७** | **२४,१२०,१०४** |

**नेपाल एग्रो माइक्रोफाइनान्स वित्तीय संस्था लिमिटेड**

**नगद प्रवाह विवरण**

**मिति २०७४ श्रावण ०१ गते देखि २०७५ आषाढ ३२ गते सम्म**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **(क) कारोबार संचालनबाट नगद प्रवाह** | **(४८,७८७,६९६)** | **(१६९,०१४,९७८)** |
| **१. नगद प्राप्ति** | **६१,५४२,१५७** | **२३,१९४,३६६** |
| १.१ व्याज आम्दानी | ५०,८८०,०६३ | १७,७१७,६७१ |
| १.२ कमीशन तथा डिष्काउन्ट आम्दानी | १०,६५६,२७९ | ५,४७६,६९५ |
| १.३ विदेशी विनिमय कारोवारबाट आम्दानी | - | - |
| १.४ अपलेखित कर्जाको असुली | - | - |
| १.५ अन्य आम्दानी (गैर संचालन आम्दानी समेत) | ५,८१५ | - |
| **२. नगद भुक्तानी** | **५५,९७३,६९७** | **२५,४३६,४७९** |
| २.१ व्याज खर्च | ३०,७७३,२९३ | ८,४८६,४२८ |
| २.२ कर्मचारी खर्च | १८,६४७,०९० | ११,८९२,२२४ |
| २.३ कार्यालय संचालन खर्च | ६,५५३,३१४ | ५,०५७,८२७ |
| २.४ आयकर भुक्तानी | - | - |
| २.५ अन्य खर्च | - | - |
| **कार्यगत पूंजी गतिविधि अघिको नगद प्रवाह** | **५,५६८,४६०** | **(२,२४२,११३)** |
| **सञ्चालन सम्बन्धि चालू सम्पत्तिमा कमी/(वृद्धि)** | **(१२५,९३४,४७५)** | **(२०७,०२८,७५१)** |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(वृद्धि) | - | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(वृद्धि) | - | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(वृद्धि) | (१२५,२६४,८८४) | (२०६,५६७,४८२) |
| ४. अन्य सम्पत्तिमा कमी/(वृद्धि) | (६६९,५९१) | (४६१,२६९) |
| **सञ्चालन सम्बन्धि चालू दायित्वमा (कमी)/वृद्धि** | **७१,५७८,३१९** | **४०,२५५,८८६** |
| १. निक्षेप दायित्वमा (कमी)/वृद्धि | ६९,९९७,२२३ | ३७,५२६,१४० |
| २. अल्पकालीन सापटीमा (कमी)/वृद्धि | - | - |
| ३. अन्य दायित्वमा (कमी)/वृद्धि | १,५८१,०९५ | २,७२९,७४६ |
| **(ख) लगानी कारोवारमा नगद प्रवाह** | **(८४,७०४)** | **(८,०१८,९५४)** |
| १. दीर्घकालीन लगानीमा कमी/(वृद्धि) | - | (१,०००,०००) |
| २. स्थीर सम्पत्तिमा कमी/(वृद्धि) | (८४,७०४) | (७,०१८,९५४) |
| ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | - | - |
| ४. लाभांश आम्दानी | - | - |
| ५. अन्य | - | - |
| **(ग) वित्तीय श्रोत कारोवारबाट नगद प्रवाह** | **६०,५३१,१९६** | **१७७,९३४,४०८** |
| १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदि) मा वृद्धि/(कमी) | ५१,५८१,८३४ | १६३,९३४,४०८ |
| २. शेयर पुंजीमा वृद्धि/(कमी) | ५,६००,००० | १४,०००,००० |
| ३. अन्य दायित्वमा वृद्धि/(कमी) | - | - |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा वृद्धि/(कमी) | - | - |
| ४. अन्य कोषबाट ग्राहक संरक्षण कोषमा रकमान्तर गरिएको | ३,३४९,३६२ | - |
| **(घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/(खर्च)** | **-** | **-** |
| **(ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | **११,६५८,७९६** | **९००,४७६** |
| **(च) नगद तथा बैंकमा रहेको शुरु मौज्दात** | **१४,१३५,७१३** | **१३,२३५,२३७** |
| **(छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **२५,७९४,५०९** | **१४,१३५,७१३** |